श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२५ सालको ऐन नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### भूमि सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– भूमि सम्बन्धी ऐन, २०२१ (यस पछि मूल ऐन भनिएको)
वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रि
र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यस ऐनको नाम भूमि सम्
२०२५ रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (क) को उप-खण्ड (२) पछि देहायको उप-खण्ड (२क) थपिएको छ ।

(२क) किपटको हकमा रीतिथिति चलन अनुसार सरकारी तिरो तिरी त्यस्तो जग्गा भोग गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिलाई तिरो तिरी त्यस्तो जग्गा भोग गर्ने व्यक्ति ।

(२) मूल ऐनको दफा २ को खण्ड (छ) मा देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ ।

तर परिच्छेद ९ बमोजिम ऋण निश्चित गर्ने प्रयोजनका लागि सो शब्दले आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने व्यक्ति सम्झनु पर्छ ।

(३) मूल ऐनको दफा २ को खण्ड (ज) को अन्तमा लेखिएका "गराउने व्यवस्था सम्झनु पर्छ" भन्ने शब्दहरूको सट्टा "गराउने तथा किपट व्यवस्था समेतलाई सम्झनु" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा ३ पछि दफा ३ क. थपः– मूल ऐनको दफा ३ पछि देहायको दफा ३ क. थपिएको छ ।

३क. किपट सम्बन्धी व्यवस्थाः– (१) किपट जग्गा रैकर सरह फार्छे राजीनामा गर्न सकिने छ ।

(२) किपट जग्गामा रैकर सरह मालपोत ठेकिने छ ।

४. मूल ऐनको दफा ९ मा संशोधनः– (१) मूल ऐनको दफा ९ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छ ।

"(४) उप-दफा (२) बमोजिम जग्गावालाले वा उप-दफा (३) बमोजिम दर्तावालाले विवरण पेश नगरी अरू कुनै व्यक्तिबाट सो कुरा थाहा हुन आएमा तोकिएको अधिकारीको आदेशले त्यस्तो जग्गा जफत भै श्री ५ को सरकार लाग्ने छ ।

(२) मूल ऐनको दफा ९ को उप-दफा (४) पछि देहायको उप-दफा (५) र (६) थपिएका छन् ।

"(५) उप-दफा (४) अन्तर्गत तोकिएको अधिकारीले दिएको जफतको आदेश उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्न सक्ने छ ।

"(६) उप-दफा (५) बमोजिम पुनरावेदनको टुङ्गो लागि जग्गा जफत हुने ठहरेमा वा उप-दफा (५) बमोजिमको म्यादभित्र पुनरावेदन नपरी तोकिएको अधिकारीले दिएको जफतको आदेश अन्तिम भएमा जाहेरवालालाई जफत भएको जग्गाको तोकिएको दरले हुने मोलको १० प्रतिशत पुरस्कार दिइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252

५. मूल ऐनको दफा ११ मा संशोधनः– (१) मूल ऐनको दफा ११ को उप-दफा (१) र (२) मा लेखिएका "तोकिएको अदालत" भन्ने शब्दहरूको सट्टा "तोकिएको अधिकारी" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा ११ को उप-दफा (२) पछि देहायका उप-दफा (३) थपिएको छ।

(३) उप-दफा (२) बमोजिम तोकिएको अधिकारीले दिएको सजाय वा जफतको आदेश उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्न सक्ने छ।

६. मूल ऐनको दफा १३ मा थपः– (१) मूल ऐनको दफा १३ को उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश (ग) थपिएको छ।

"(ग) अधिकतम हदभन्दा कम जग्गा हुने जग्गावालाले म्याद भित्र फांटवारी दाखिल गर्न सकेको रहेनछ भने यो प्रतिबन्धात्मक वाक्यांश प्रारम्भ भएपछि तोकिएको अधिकारीले सूचना प्रकाशित गरेको मितिले १२० दिनभित्र फांटवारी पेश गर्न सक्नेछ।"

(२) मूल ऐनको दफा १३ को उप-दफा (२) पछि देहायको उप-दफा (२ क) थपिएको छ।

"(२ क) भोग वा दृष्टिबन्धकी जग्गाका हकमा साहू वा असामी मध्ये कुनै एक पक्षले मात्र फांटवारी पेश गरेमा पनि यस दफाको तात्पर्यको लागि त्यस्तो जग्गाको सम्बन्धमा फांटवारी पेश भएको मानिने छ।

७. मूल ऐनको दफा १४ मा संशोधनः– मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ।

"१४. फाँटवारी तयार गर्नेः– (१) दफा १३ बमोजिम दाखिल हुन आएको फाँटवारी र तत्सम्बन्धमा अन्य सूत्रबाट प्राप्तभएको सूचनाको आधारमा तोकिएको अधिकारीले कुनै भूल सच्याउन पर्ने देखेमा सो समेत सच्याई अन्तिम फाँटवारी तयार गर्नेछ।

तर दफा १३ बमोजिम कसैले दिएको फाँटवारीमा कुनै कुरा सच्याउनुभन्दा अगावै तोकिएको अधिकारीले कस्तीमा पन्ध्र दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई सवूत प्रमाण सहितको स्पष्टिकरण दिने मौका दिनुपर्छ र निजले पेश गरेको सवूत प्रमाणको छानवीन गरेर मात्र तोकिएको अधिकारीले फाँटवारी सच्याउन सक्नेछ। सो बमोजिम फाँटवारी सच्याएमा त्यसको सूचना सम्बन्धित व्यक्तिलाई दिनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराइएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम तोकिएको अधिकारीले फाँटवारी सच्याएकोमा चित्त नबुझ्ने व्यक्तिले सो सच्याएको कुराको सूचना पाएको मितिले पैंतीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन दिन सक्नेछ ।

८. मूल ऐनको दफा १८ मा संशोधनः– (१) मूल ऐनको दफा १८ को उप-दफा (१) को अन्तमा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

तर, (क) भोग वा दृष्टिबन्धकी जग्गाका हकमा साहू वा आसामी कसैले पनि फांटवारी पेश गरेको रहेनछ भने तोकिएको अधिकारीको आदेशले त्यसको जग्गामा साहूको परेको थैलीको कानूनी मान्यता लोप हुनेछ र त्यस्तो जग्गा समेत जफत् हुनेछ ।

(ख) तोकिएको अधिकारीले सम्बन्धित जग्गा जफत् गर्नुभन्दा अघि जफत् किन हुनु नपर्ने भनी सम्बन्धित व्यक्तिलाई सबूत प्रमाण सहितको स्पष्टीकरण दिने मौका दिनु पर्दछ र सम्बन्धित व्यक्तिले पेश गरेको सबूत प्रमाणको समेत छानबिन गरी तोकिएको अधिकारीले सम्बन्धित जग्गा जफत् गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(२) मूल ऐनको दफा १८ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ ।

(३) उप-दफा (१) वा (२) बमोजिम तोकिएको अधिकारीले दिएको सजाय वा जफतको आदेश उपर पैंतीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

९. मूल ऐनको दफा २१ मा थपः– मूल ऐनको दफा २१ (क) पछि देहायको दफा २१ (ख) थपिएको छ ।

२१ख. जग्गाको दर्ता किताब राख्नेः– तोकिएको अधिकारीले दफा २१ र दफा २१ क. बमोजिम बिक्री वितरण भएको जग्गा तोकिए बमोजिम दर्ता किताबमा दर्ता गरी त्यसको प्रतिलिपि माल अड्डामा वा माल अड्डा नभएको जिल्लामा भूमि प्रशासन कार्यालयमा पठाउनेछ र सो बमोजिम माल अड्डा वा भूमि प्रशासन कार्यालयले जग्गा दाखिल खारेज गर्नु पर्छ ।

१०. मूल ऐनमा दफा २४क. थपः– मूल ऐनको दफा २४ पछि देहाय बमोजिमको दफा २४ क. थपिएको छ ।

२४ क. झूट्टा व्यहोरा देखाई वा नियम विरुद्ध प्राप्त गरेको जग्गा जफत् हुनेः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) यो ऐन बमोजिम जफत् भएको वा श्री ५ को सरकारलाई प्राप्त भएको जग्गा कसैले झूट्ठा व्यहोरा देखाई वा यस ऐन अन्तर्गतको नियम विरुद्ध बिक्री वितरणमा पाएको छ भन्ने लागेमा श्री ५ को सरकारले कुनै अधिकृतद्वारा त्यस्तो जग्गाका सम्बन्धमा आवश्यक जाँचबुझ गराउन सक्ने छ ।

(२) उप-दफा (१) बमोजिम भएको जांचबुझबाट कसैले झुट्ठा व्यहोरा देखाई वा यस ऐन अन्तर्गतको नियम विरुद्ध कुनै जग्गा बिक्री वितरणमा पाएको देखिएमा श्री ५ को सरकारले त्यस्तो जग्गा जफत् गरी तोकिए बमोजिम पुनः बिक्री वितरण गर्न गराउन सक्नेछ ।"

११. मूल ऐनको दफा २५ मा संशोधनः– (१) मूल ऐनको दफा २५ को उप-दफा (१) को प्रतिबन्धात्मक बाक्यांश खारेज गरिएको छ ।

(२) मूल ऐनको दफा २५ को उप–दफा (३) झिकिएको छ र देहाय बमोजिमको उपदफा (३), (४) र (५) राखिएको छ ।

"(३) मोहियानी लागेको जग्गा बाहेक तोकिएको क्षेत्रको अरू कुनै जग्गावालाबाट भोगबन्धकीमा लिई साहूले आफैले कमाएको रहेछ भने दफा ८ का अधिनमा रही त्यस्तो जग्गामा साहूले मोहियानी हक प्राप्त गर्नेछ । दफा ८ मा तोकिएको अधिकतम हदभन्दा बढी हुने जति मोहियानी हक आसामीकै कायम रहने छ ।

"(४) उप-दफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनिः–

(क) कसैले जग्गावालाबाट कमाउन लिएको जग्गा आफ्नो वा आफ्नो परिवारको श्रमले नकमाई अरू कसैलाई कमाउन दिएको रहेछ भने सो जग्गाका सम्बन्धमा सो खास कमाउने व्यक्तिको बीचमा रहि खाने व्यक्तिको सबै अधिकार समाप्त हुनेछ ।

(ख) मोहीले प्राप्त गरेको मोहियानी हक तोकिएको दर्ता किताबमा दर्ता गराई राख्नु पर्नेछ ।

"(५) उप-दफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिलाई मोहीको हक प्राप्त हुनेछैन ।

(क) घरबारीको जग्गा कमाउने व्यक्ति वा,

(ख) गैर नेपाली नागरिक, वा

(ग) श्री ५ को सरकारको स्वामित्व भएको जग्गा कमाउने व्यक्ति, वा

(घ) औद्योगिक व्यवसायको निमित्त श्री ५ को सरकारले तोकिदिएको जग्गा कमाउने व्यक्ति ।

१२. मूल ऐनको दफा २६ मा संशोधनः– मूल ऐनको दफा २६ को उप-दफा (१) को प्रतिबन्धात्मक बाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक बाक्यांशहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर, (क) दफा २५ को उप-दफा (५) को खण्ड (ख) बमोजिम दर्ता भएको मोहियानी हकको जग्गा मोहीले छाड्न चाहेमा खेतीको यामभन्दा कमसेकम १ महीना अगावै तोकिएको अधिकारी र जग्गावालालाई लिखित सूचना दिनु पर्दछ र तोकिएको अधिकारीले सम्बन्धित पंचायत समेत बुझी सो छानबिन गरी दर्ता किताबमा सच्याएको सूचना मोहीले प्राप्त गरेपछि मात्र जग्गा छाडेको मानिने छ।

(ख) कुनै जग्गावालाले कुनै किसानलाई आफ्नो जग्गा कमाउन दिएमा त्यस्ता जग्गावालाले तोकिएको अधिकारीलाई त्यस्को सूचना १ महीनाभित्र दिनु पर्छ र तोकिएको अधिकारीले सम्बन्धित जग्गावाला र मोहीलाई आवश्यक भए झिकाई बुझी दर्ता किताबमा दर्ता गराउनु पर्दछ।

(ग) कुनै मोहीले जग्गा छाडी भागेमा वा बेपत्ता भएमा वा तोकिए बमोजिम कूत नबुझाई मोहियानी हक समाप्त भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारी छेउ २५ दिनभित्र दिनु पर्दछ र तोकिएको अधिकारीले सो कुरा जांचबुझ गरी दफा २५ को उप-दफा (५) को खण्ड (ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्दछ।

१३. मूल ऐनको दफा २६ पछि २६ दफा क. थपः– मूल ऐनको दफा २६ पछि देहायको दफा २६ क. थपिएको छ।

२६ क. मोहियानी हक खरीद बिक्री नहुनेः– प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भएतापनि मोहियानी हक खरीद गर्न वा दान दातव्यको रूपमा वा अरू किसिमले हक छोडाई लिन पाइने छैन र सरकारी वा गैर सरकारी बिगो वा सजाएमा लिलाम बिक्री हुनेछैन।

तर यो ऐन प्रारम्भ हुनुभन्दा अगावै कुनै मोहीले जग्गावालाको स्वीकृति लिई वा परापूर्वदेखि पक्की घर बनाएको रहेछ भने सो घरवारीको जग्गा बिक्री गर्न वा अन्य कुनै प्रकारले हक छोडी दिन सक्नेछ र त्यस्तो जग्गाका हकमा दफा ८ को अधिकतम हद सम्बन्धी कुरा लागू हुनेछैन।

१४. मूल ऐनको दफा २७ मा थपः– मूल ऐनको दफा २७ को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छ।

"(३) श्री ५ को सरकारलाई आवश्यक भएमा वा श्री ५ को सरकारले औद्योगिक व्यवसायको निमित्त तोकिएको जग्गाको मोहीलाई उप-दफा (१) बमोजिमको क्षतिपूर्ति दिई तोकिएको अधिकारीले आवश्यक भए जति सम्बन्धित जग्गा झिक्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मूल ऐनको दफा २८ मा संशोधनः— मूल ऐनको दफा २८ को उप-दफा (२) पछि देहायको उप-दफा (३) राखिएको छ ।

(३) उप-दफा (१) बमोजिम स्थानीय पञ्चायतले जग्गा झिक्न पाउने गरी आदेश गरेमा सो आदेशमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र तोकिएको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।

तर, यो उप-दफा प्रारम्भ हुनुभन्दा अघि स्थानीय पञ्चायतले जारी गरेको आदेश उपर यो उप-दफा प्रारम्भ भएका मितिले १२० दिनभित्र तोकिएको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।

१६. मूल ऐनको दफा २९ मा संशोधनः— मूल ऐनको दफा २९ को सट्टा देहाय बमोजिमको दफा २९ राखिएको छ ।

"२९. मोहियानी हकको समाप्तीः— (१) दैवी परी बाली नास भएमा वा उब्जा हुन नसकेमा बाहेक मोहीले कूत बुझाएन भन्ने कुराको जग्गावालाले उजूरी दिएमा तोकिएको अधिकारीले त्यस्तो मोहीलाई निष्काशन गर्ने आदेश दिन सक्नेछ ।

(२) देहायको कुनै अवस्था परी जग्गावालाले निवेदन दिएमा जिल्ला अदालतले मोहीलाई जग्गाबाट निष्काशन गर्ने आदेश जारी गर्न सक्नेछ ।

(क) जानी बुझी जग्गाको मोल वा उब्जा घट्ने गरी कुनै काम गरेको वा मनासिब रेखदेख नपुऱ्याएको कारणले जग्गाको मोल वा उब्जा घटेमा, वा

(ख) आफ्नो काबूभन्दा बाहिरको परिस्थितिमा बाहेक १ वर्षसम्म खेती नगरेमा वा खेतीमा हेलचक्र्याई गरेमा ।

(३) उप-दफा (१) वा उप-दफा (२)को खण्ड (ख) बमोजिमको अवस्थामा जग्गावालालाई मोहीबाट कूत समेत भराई दिन सक्नेछ ।

१७. मूल ऐनको दफा २९ क. मा संशोधनः— मूल ऐनको दफा २९ क. को सट्टा देहायको दफा २९ क. राखिएको छ ।

"२९ क. मोहीलाई निष्काशन गर्ने हद म्यादः— दफा २९ बमोजिम मोहीलाई निष्काशन गर्नु परेमा देहायका म्यादभित्र निवेदन दिई सक्नु पर्छ । सो म्याद गुज्रेपछि निवेदन लाग्न सक्दैन ।

(क) दफा २९ को उप-दफा (२) को खण्ड (क) मा उल्लेख भएको अवस्थामा सो खण्डमा तोकिएको काम कुरा भए गरेको मितिले ३५ दिन भित्र,

(ख) दफा २९ को उप-दफा (२) को खण्ड (ख) मा उल्लेख भएको अवस्थामा सो खण्डमा लेखिएको काम कुरा भए गरेको एक वर्ष नाघेका ३५ दिन भित्र ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा २६ को उप-दफा (१) मा उल्लेख भएको अवस्थामा दफा ३६ को उप-दफा (२) मा तोकिएको म्याद नाघेका मितिले ३० दिन भित्र ।

१८. मूल ऐनको दफा ३१ क. मा संशोधनः– मूल ऐनको दफा ३१ क. को सट्टा देहायको ३१ क. राखिएको छ ।

३१ क. मोहियानी हकको प्राप्ति वा तेरो मेरो सम्बन्धी मुद्दाः– (१) कुनै जग्गाका सम्बन्धमा यो परिच्छेद बमोजिमको मोहियानी हकको प्राप्ति वा मोहियानी हकको तेरो मेरो सम्बन्धी पर्न आएको झगडाको निर्णय तोकिएको अधिकारीले गर्ने छ ।

(२) उप-दफा (१) बमोजिम तोकिएको अधिकारीले गरेको निर्णयानुसार कायम हुन आएको मोहीलाई जग्गा चलन गर्न दिन सम्बन्धित व्यक्तिलाई १५ दिनसम्मको म्याद दिइने छ ।

१९. मूल ऐनको दफा ३२ मा संशोधनः– (१) मूल ऐनको दफा ३२ मा लेखिएको "तोकिएको अदालत" भन्ने शब्दहरू झिकी "तोकिएको अधिकारी" भन्ने शब्दहरू राखिएका छन् ।

(२) मूल ऐनको दफा ३२ को उप-दफा (४) पछि देहायको उप-दफा (५) थपिएको छ ।

(५) दफा २६ को उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) र (ग) बमोजिम सूचना नदिने जग्गावालालाई रू. ५००।– सम्म तथा दफा २६ क. को उल्लंघन गर्ने मोहीलाई रू. २५०।– सम्म जरिवाना तोकिएको अधिकारीले गर्न सक्ने छ र सो खरीद बिक्री स्वतः बदर हुनेछ ।

(३) मूल ऐनको दफा ३२ को उप-दफा (१) को खण्ड (ख) र उप-दफा (४) मा रहेको "वा ६ महीनासम्म कैद वा दुबै सजाय" भन्ने वाक्यांश झिकिएको छ ।

२०. मूल ऐनको दफा ३३ मा संशोधनः– (१) मूल ऐनको दफा ३३ मा रहेको "वार्षिक उब्जनी" भन्ने शब्दहरूको सट्टा "मुख्य वार्षिक उब्जनी" भन्ने शब्दहरू राखिएको छ ।

(२) मूल ऐनको दफा ३३ को प्रतिबन्धात्मक वाक्यांश (ख) पछि देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश (ग) थपिएको छः–

(ग) श्री ५ को सरकारले कुनै जग्गा वा तोकिएको क्षेत्रको जग्गाको निमित्त जग्गाको किसिम र उब्जनीको आधारमा मुख्य वार्षिक उब्जनीको औसत निर्धारित गरी सो औसतको आधारमा यस दफा बमोजिम मोहीले जग्गावालालाई बुझाउन पर्ने मुख्य वार्षिक उब्जनीको ५० प्रतिशत कूत तोकी दिन सक्नेछ । सो बमोजिम कूत निर्धारित भएपछि प्रत्येक वर्ष सोही बमोजिम कूत लिन दिने गर्नु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

258

२१. मूल ऐनको दफा ३६ मा संशोधनः– मूल ऐनको दफा ३६ को सट्टा देहायको दफा ३६ राखिएको छ ।

३६. कूत बुझाउने समय र तत्सम्बन्धी अरू व्यवस्थाः– (१) मोहीले बुझाउनु पर्ने कूत जग्गावालालाई प्रत्येक साल तोकिएको समयभित्र बुझाई सक्नु पर्छ ।

तर उब्जनी बाली कटनी मडनी हुँदाकै बखत थला वा खरिहानमै बाँडी लिने शर्त भएकोमा जग्गावाला वा निजको प्रतिनिधिलाई नराखी मोहीले उब्जनी बाली उठाउन हुँदैन । पूर्व सूचना दिंदा पनि जग्गावाला वा निजको प्रतिनिधि नआए स्थानीय गाउँ पञ्चायतमा दरखास्त दिई सो पञ्चायतको कम्तीमा एकजना सदस्य र दुईजना संधियारहरूलाई साक्षी राखी निस्सा गराई मोहीले जग्गावालाको भाग छुट्याई आफ्नो जिम्मा राख्न सक्नेछ र यसरी छुट्याएको भाग जग्गावालाले मञ्जूर गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम कूत बुझाउँदा जग्गावाला वा निजका प्रतिनिधिले कबूलियतमा उल्लेख भएको कूत बुझी नलिएमा मोहीले कूत बुझाउने म्याद नाघेको ३० दिनभित्र दरखास्त साथ बुझाउनु पर्ने कूत बजार भाउले नगदीमा परिणत गरी स्थानीय पञ्चायत वा जिल्ला माल अड्डा वा भूमि प्रशासन कार्यालयमा धरौटी राख्न सक्नेछ ।

तर, आफूले बुझाउनु पर्ने कूतको सयकडा ६० प्रतिशत भन्दा कम हुने गरी धरौटी दाखिल गरेको देखिए मोहीले यस उप-दफा बमोजिम कूत बुझाएको मानिने छैन र त्यस्तो भाउ वा अङ्कमा फरक पारी वा झुट्ठा व्यहोरा देखाई धरौटी राखेको देखिए उप-दफा (५) बमोजिम जग्गावालाबाट लिइने सयकडा २ प्रतिशत धरौटी राख्ने मोहीबाट असूल गरिनेछ ।

(३) उप-दफा (२) बमोजिम मोहीले धरौटी राख्न आएमा धरौटी राख्ने स्थानीय पञ्चायत वा माल अड्डा वा भूमि प्रशासन कार्यालयले सो धरौटी राख्न ल्याएको रकम धरौटीमा आम्दानी बांधी सो रूपैयाँ बुझ्ने ७ दिनभित्र जग्गावालाका नाउँमा सूचना जारी गर्नु पर्छ ।

(४) उप-दफा (३) बमोजिम सूचना पाएपछि सो कूत बुझ्न नपर्ने कुनै कारण छ भने जग्गावालाले बाटोको म्याद बाहेक १५ दिन भित्र धरौटी राख्ने स्थानीय पञ्चायत वा माल अड्डा वा भूमि प्रशासन कार्यालयमा आफैं गई वा प्रतिनिधि पठाई उजूर गर्न सक्नेछ । उक्त म्याद भित्र उजूर नगरेमा सो धरौटी रहेको कूत बुझ्न जग्गावाला मन्जूर भएको मानिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

233

(५) उप-दफा (२) बमोजिम कूत धरौटी रहेको जनाउ पाएको वा झगडा परी अड्डाबाट अन्तिम निर्णय भएको मितिले १ बर्ष भित्र सो धरौटी रूपैयाँ पाउँ भनी जग्गावाला वा निजको प्रतिनिधिले दरखास्त दिन आएमा धरौटी अङ्कको सयकडा २ दस्तूर लिई सो रूपैयाँ धरौटी राख्ने स्थानीय पञ्चायत वा माल अड्डा वा भूमि प्रशासन कार्यालयले निजलाई बुझाई दिनु पर्छ । सो म्याद भित्र सो बमोजिम दरखास्त नदिएमा सो अवधि भुक्तान भएपछि सो धरौटी स्वतः श्री ५ को सरकारको सञ्चित कोषमा जम्मा हुनेछ ।

(६) उप-दफा (२) र (५) बमोजिम धरौटी अङ्कको सयकडा २ का दरले स्थानीय पञ्चायतले दस्तूर लिएको रकम सोही पञ्चायतको कोषमा आम्दानी बांधी खर्च गर्न सक्नेछ ।

२२. मूल ऐनको दफा ३८ मा संशोधनः– मूल ऐनको दफा ३८ को उप-दफा (१) मा "तोकिएको अदालत" भन्ने झिकी "तोकिएको अधिकारी" भन्ने शब्द राखिएको छ ।

२३. मूल ऐनको दफा ४० मा संशोधनः– मूल ऐनको दफा ४० को सट्टा देहाय बमोजिम दफा ४० राखिएको छ ।

४०. अनिवार्य बचत गर्नु पर्नेः– प्रत्येक जग्गावाला र मोहीले आफ्नो वा आफूले कमाएको जग्गाको एक मुख्य वार्षिक उब्जनी बालीको तोकिएको दरले जिन्सीमा अनिवार्य बचत तोकिएको समिति संस्था वा अधिकारी छेउ जम्मा गर्नु गराउनु पर्छ ।

तर,

(क) यसरी तोकिएको समिति वा संस्था वा अधिकारी छेउ जम्मा हुन आउने बचतको अन्तिम जिम्मेवारी श्री ५ को सरकारको हुनेछ ।

(ख) तोकिएको समिति वा संस्था वा अधिकारीले आवश्यक सम्झेमा तोकिएको दर भाउमा नगदीमा बुझाउन लगाउनु सक्नेछ । खाद्यान्न बाहेक अरू नगद बाली लागेका जग्गाको हकमा तोकिएको दरले नगदीमा जम्मा गर्नु गराउनु पर्छ ।

(ग) यसरी उठाएको बचत तोकिए बमोजिम कृषि विकास र कृषि कार्य सम्बन्धी, स्थानीय आवश्यकतालाई प्राथमिकता दिई श्री ५ को सरकारले तोकिएको प्रशासनद्वारा उपयोग गर्ने, गराउने छ ।

२४. मूल ऐनको दफा ४४ मा संशोधनः– (१) मूल ऐनको दफा ४४ को उप-दफा (१) मा उल्लेखित "३५ दिनभित्र आफू छेउ दाखिल गर्न गराउन आदेश दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "३५ दिनभित्र आफू छेउ वा सम्बन्धित स्थानीय पञ्चायतमा दाखिल गर्न गराउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदेश दिन सक्नेछ र यो उप-दफा प्रारम्भ हुनुभन्दा अघि सम्बन्धित स्थानीय पञ्चायतमा दाखिल गरेको तोकिए बमोजिमको फांटबारीलाई यसै उप-दफा बमोजिम दाखिल गरेको मानिने छ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) मूल ऐनको दफा ४४ को उप-दफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ ।

(ख) किसानलाई खानाको निमित्त दिएको नगदी वा जिन्सी ऋण ।

२५. मूल ऐनको दफा ४५ मा संशोधनः– (१) मूल ऐनको दफा ४५ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको र देहाय बमोजिमको खण्ड (छ) थपिएकोछ ।

(घ) थैलीको सयकडा १० भन्दा बढी आयस्ता पाउने गरी भोग बन्धकीमा भोग गरेको भए पाए जति सबै आयस्तालाई नगदीमा परिणत गरी सयकडा १० भन्दा बढी ठहरिन आएको रकम सावांमा कट्टा भएको मानिने छ ।

(छ) कानून वा रितिथिति चलन अनुसार जग्गा फाछें वा राजिनामा नहुने किएट जग्गाको हकमा यो प्रतिबन्धात्मक वाक्यांश प्रारम्भ हुनु भन्दा अघिको भोग बन्धकीमा खाएपाएको आयस्ता खण्ड (घ) बमोजिम भोग बन्धकी सांवामा कट्टा गरिने छ ।

(२) मूल ऐनको दफा ४५ को खण्ड (ङ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ

तर, स्थानीय चलन अनुसार काम गरे बापत पाउने मजदूरी सो रकम भन्दा बढी पाउने रहेछ भने बढी पाउने रकम जति ऋणमा कट्टा गरिने छ ।

२६. मूल ऐनको दफा ४५ पछि दफा ४५ क. थपः– मूल ऐनको दफा ४५ पछि देहायको ४५ क. थपिएको छ ।

४५ क. कागज सद्दे किर्ते छुट्याउने अधिकारः– (१) दफा ४५ मा उल्लेख भए बमोजिमको ऋण रकम निश्चित गर्दा कागज सद्दे किर्ते छुट्याउनु पर्ने हुन आएमा ऋणरकम निश्चित गर्ने अधिकारीले प्रचलित कानून बमोजिम सद्दे किर्ते छुट्याउन सक्नेछ ।

(२) दफा ४५ बमोजिम ऋण निश्चित गराउने सिलसिलामा पेश भएको यो दफा प्रारम्भ हुनु भन्दा ,अगाडिको कुनै लिखतमा आय टिकट टांसीएको रहेनछ भने अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको अधिकारीले कानून बमोजिम आय टिकट टांस्न लगाई सो लिखतका सम्बन्धमा कारवाही गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. मूल ऐनको दफा ४६ क. थप:– मूल ऐनको दफा ४६ पछि देहायको दफा ४६ क. थपिएको छ ।

४६ क. जिन्सी ऋणलाई नगदीमा परिणत गर्ने:– दफा ४६ बमोजिम असूल उपर गरिएको जिन्सी ऋणलाई सो जिम्मा राख्ने समिति, संस्था वा अधिकारीले तोकिए बमोजिम नगदीमा परिणत गर्न सक्नेछ ।

२८. मूल ऐनको दफा ५१ मा संशोधन:– (१) मूल ऐनको दफा ५१ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ ।

"(२) यस परिच्छेद बमोजिम दाखिल गर्नुपर्ने बचत दाखिल नगर्ने व्यक्तिलाई तोकिएको अधिकारीले रू. ५००।– सम्म जरिवाना गरी बचत असूल उपर गर्नेछ र तत्काल बचत असूल उपर हुन नसकेमा तोकिएको अधिकारीले अर्को सालको बाली रोक्का गरी बचत असूल उपर गर्नेछ ।

(२) मूल ऐनको दफा ५१ को उप-दफा (३) खारेज गरिएको छ ।

२९. मूल ऐनको दफा ५१ ख. पछि थप:– मूल ऐनको दफा ५१ ख. पछि देहायको दफा ५१ ग. र दफा ५१ घ. थपिएको छ ।

५१ ग. साधन भएको ऋण आसामीले फिर्ता पाउने:– कुनै आसामीले दफा ४६ बमोजिम समिति वा संस्थामा बुझाएको ऋण रकम दफा ४५ बमोजिम ऋण निश्चित गर्दा साधन भएमा निज आसामीले तुरुन्त फिर्ता पाउनेछ ।

५१ घ. बचत वा ऋण हिनामीना गरेमा असूल गर्ने:– दफा ४० वा ४१ बमोजिम असूल भएको बचत दफा ४६ बमोजिम प्राप्त भएको ऋण कुनै व्यक्ति, अधिकारी, समिति वा संस्थाका सदस्यले हिनामीना गरेको छ भन्ने लागेमा श्री ५ को सरकारले त्यस सम्बन्धमा कुनै अधिकृतद्वारा आवश्यक जांचबुझ गराउन सक्नेछ र सो जांचबाट हिनामीना भएको देखिएमा त्यस्तो हिनामीना गर्ने व्यक्ति, अधिकारी, समिति वा संस्थाका सदस्यहरूलाई श्री ५ को सरकारले बिगो बमोजिम जरिवाना गरी निजबाट हिनामीना भएको बचत वा ऋण समेत सरकारी बांकी सरह असूल गर्न सक्नेछ ।

३०. मूल ऐनको दफा ५३ मा संशोधन:– मूल ऐनको दफा ५३ को उप-दफा (१) र (२) को सट्टा देहायको उप-दफा (१) र (२) राखिएको छ ।

"(१) यो ऐन अन्तर्गत कुनै मुद्दा मामिलाको कार्यवाही तथा किनारा गर्दा यो ऐन अन्तर्गत अधिकार प्राप्त पञ्चायत समिति अदालत वा अधिकारीले नेपाल विशेष अदालत ऐन २०१३ को दफा ४ र ६ बमोजिमको अख्तियारी र कार्य प्रणाली अपनाउने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६०२

(२) यस ऐनको दफा ६, दफा ६, दफा ११, दफा १८, दफा २४, दफा ५१, र दफा ५६ बमोजिम सजाय हुने कसूर सम्बन्धित मुद्दा श्री ५ को सरकार वादी भै हेरिने छ ।

३१. मूल ऐनको दफा ५५ मा संशोधनः– मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छ ।

५५. तोकिएको अधिकारी र अदालतको निर्णय अन्तिम हुनेः– यो ऐनमा अन्यथा लेखिएमा बाहेक यो ऐन अन्तर्गत तोकिएको अदालत वा अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ र त्यस उपर कुनै अदालतमा पुनरावेदन वा उजूर लाग्ने छैन ।

३२. मूल ऐनको दफा ५७ क. मा संशोधनः– मूल ऐनको दफा ५७ क. को सट्टा देहायको दफा ५७ क. राखिएको छ ।

५७ क. कोर्ट फि र बक्सौनी नलाग्नेः– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन र यस अन्तर्गत बनेका नियमहरू अन्तर्गत कुनै अदालत वा अधिकारी छेउ पर्न आउने मोहियानी हक र ऋण निश्चित गर्ने सम्बन्धित मुद्दा वा उजूरीमा कोर्ट फी नलिई कार्यवाही किनारा गरिने छ र यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरू अन्तर्गत पर्ने मुद्दामा मिलापत्र गर्दा गराउँदा बक्सौनी लाग्ने छैन ।

३३. मूल ऐनको दफा ५८ क. मा संशोधनः– मूल ऐनको दफा ५८ क. मा रहेको तोकिएको अदालतमा दिएको उजूरी "भन्ने शब्दहरूको सट्टा" तोकिएको अदालत वा तोकिएको अधिकारी समक्ष दिएको उजूरी भन्ने शब्दहरू राखिएका छन् ।

३४. मूल ऐनको दफा ५६ मा संशोधनः– मूल ऐनको दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छ ।

"५६. खेती गर्ने सम्बन्धमा श्री ५ को सरकारले निर्देशन दिन सक्नेः– (१) श्री ५ को सरकारले आवश्यक सुविधा दिई सूचित आदेशद्वारा कुनै क्षेत्रको जग्गामा कुनै खास वा खास जातको एक वा बढी बाली लगाई सोही सूचनामा निर्धारण गरिएका तरीका र व्यवस्था समेत अपनाई खेती गर्ने निर्देशन दिन सक्ने छ र सो निर्देशन बमोजिम खेती गर्नु सम्बन्धित जग्गा वाला र मोहीको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम दिइएको निर्देशन बमोजिम कसैले खेती नगरेमा तोकिएको अधिकारीको आदेशले नीज जग्गावाला भए निजको सम्बन्धित वाली जफत गर्न सकिने छ र मोही भए निजलाई सम्बन्धित जग्गाबाट निष्का-सित गरिने छ।

लालमोहर सदर मिति २०२५।७।९।६

आज्ञाले,
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।